# बी.पी. कोइरालाको परराष्ट्र नीति र आजको सन्दर्भ

**दिनेश भट्टराई**


## लेखसार

यो लेखमा बी.पी. कोइरालाको परराष्ट्र नीति र आजको सन्दर्भका विवेचना गरिएको छ। कुनै पनि देशको परराष्ट्र नीतिलाई घरेलु नीतिको विस्तारित रूपमा हेरिन्छ। देशभित्र सरकारका तीन अङ्ग कार्यपालिका, न्यायपालिका, व्यवस्थापिकाले सम्पन्न गर्ने कामको झल्को परराष्ट्र नीतिमा पनि परेको हुन्छ। परराष्ट्र नीति/कुटनीति सरकारी अधिकारीले भनेको कुरामात्र नभएर समष्टिगत रूपमा त्यस देशको सरकारले उदाहरणीय रूपमा काम गर्नु पनि हो। परराष्ट्र नीतिमा छर-छिमेकसँगको सम्बन्ध अत्यन्त महत्त्वपूर्ण हुन्छ। छर-छिमेकमा शान्त वातावरण भएमा, आपसी विश्वास र समझदारी भएमा, छिमेकीहरू सहयोगी भएमा देशमा प्रगति छिटो हुन्छ, विश्वले हेर्ने दृष्टिकोण पनि फरक हुन्छ। त्यसैले छिमेकीहरू सँगको सुमधुर सम्बन्ध राष्ट्रिय सुरक्षा, संस्कृति र सम्मानको आधार पनि हो। यो लेख गुणात्मक ढाँचामा आधारित लेख हो। यसमा द्वितीयक प्रकृतिका स्रोत तथा सामग्रीहरूको सङ्कलन र विश्लेषण गरिएको छ। बी.पी. कोइरालाले विभिन्न पत्रपत्रिकाहरूलाई उपलब्ध गराएको अन्तर्वार्ता, विभिन्न विद्वान्‌हरूका लेख तथा सन्दर्भ ग्रन्थलगायतका सामग्रीहरूको समीक्षाका आधारमा यो लेख तयार पारिएको हो।


**सूत्रशब्द**ः बी.पी. कोइराला, नेपाल, संयुक्त राष्ट्रसङ्घ, परराष्ट्र नीति, पन्चशील, असलग्न परराष्ट्र नीति, आजको सन्दर्भ।

## पृष्ठभूमि

राष्ट्रिय सुरक्षा र आर्थिक सुरक्षाको एकअर्कासँग अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। आर्थिक रूपले विपन्न देशको भूराजनीति सधै नाजुक रहेको हुन्छ। जनता विपन्न भए जता रोजगारी छ त्यतैतिर आकार्षित हुन्छन्। शिक्षा, स्वास्थ्य रोजगारीको व्यवस्या गरेर उनीहरूको जीवन सुरक्षित र व्यवस्थित गर्नेसके राष्ट्र निर्माणको प्रक्रिया अघि बढ्छ। परराष्ट्र नीति जनता केन्द्रित हुनुपर्छ, जनताको हित र स्वार्थ नै राष्ट्रको सर्वोत्तम र सर्वाधिक महत्त्वको विषय हो, परराष्ट्र नीतिको केन्द्र विन्दु पनि जनताको सर्वोत्तम हित नै हो।

बी.पी. कोइरालाले भन्नुभएको छ, राष्ट्रियताको सम्बन्ध भूगोलसँग होइन, जनतासँग छ। देश वा राष्ट्र भनेको भूगोल र माटो होइन त्यो यथार्थमा जनता हो। तसर्थ जनताका हीत हुने कुरा नै देश हितका कुरा हुन्छन्। राज्य भनेको जनता हुन्। जनतालाई जति सुरक्षित, शिक्षित, स्वस्थ राख्न सकिन्छ परराष्ट्र नीतिको आधार पनि त्यति नै बलियो हुन जान्छ। सफल र प्रभावकारी परराष्ट्र नीतिका लागि घर बलियो, व्यवस्थित, अनुशासित भएर एकता बनाई राख्नु महत्त्वपूर्ण हुन्छ, देशको विश्वसनीयता र इज्जत कायम हुन्छ। त्यसैले भनिन्छ परराष्ट्र नीति देशको मुहार हेर्ने ऐना पनि हो। ऐना सफा राख्नुका साथै देखिने अनुहार पनि सफा राख्नुपर्छ। परराष्ट्र नीति देशको हित, स्वार्थ र सम्मानसँग गाँसिएको हुन्छ।

नेपालको अवस्थिति भौगोलिक रूपमा अत्यन्त संवेदनशील छ, नाजुक छ। छिमेकी राष्ट्रहरूका साथै विश्वका शक्तिराष्ट्रहरूका पनि आ-आफ्ना निहित स्वार्थ हुन्छन्। आफ्नो स्वार्थपूर्ति गर्न जुनसुकै हदसम्म पनि जान

तयार हुन्छन् । त्यसैले नेपालको हित, सम्मान र सुरक्षाका लागि हामीले सबैसँग सन्तुलित सम्बन्ध राख्नुपर्ने हुन्छ । नेपालको जनसङ्ख्याको लगभग एक तिहाई भाग कामको अवसरको खोजीमा बाहिरिएको अवस्था छ । यसको ठुलो हिस्सा श्रम गन्तब्य मुलुकहरूमा केन्द्रित छ । उनीहरूको सुरक्षा, सम्मानका लागि पनि ती मुलुकहरूसँग सम्बन्ध राख्नुपर्ने हुन्छ । त्यसैगरी अन्तर्राष्ट्रिय सङ्गठन जस्तै संयुक्त राष्ट्रसङ्घलगायत अन्य बहुपक्षीय र क्षेत्रीय सङ्घसङ्गठनहरूमा हाम्रो संलग्नता जरुरी हुन्छ । नेपाल जस्तो देशका लागि यो अत्यन्त महत्त्वपूर्ण छ ।

एसिया-प्रशान्त क्षेत्रमा ऐले भूराजनीतिको तीव्र होडवाजी चलिरहेको छ । भूराजनीतिको यस प्रतिस्पर्धामा बलिया राष्ट्रले जे गरे त्यही कानुनी व्यवस्था बन्ने भय बनेको छ । साना र कमजोर राष्ट्रहरू बलियो राष्ट्रको प्रभाव क्षेत्र (Sphere of influence) बन्ने खतरा बढ्दो छ । परराष्ट्र नीति सञ्चालन गर्दा घरेलु र बाह्य परिवेश त्यसका कारक तत्त्वहरूको उत्तिकै ख्याल गर्दै सजग, सचेत र संवेदनशील भएर, विनेक पुऱ्याएर काम गर्नुपर्छ । एक आदर्श र व्यवहारी राजनीतिले दुवै पक्षमा सोच्न, विवेचमा गर्न र मूल्याङ्कन गरेर आइपर्नसक्ने अवरोधहरूको आकलन गर्न, विश्लेषण गर्न र राज्यको हित अनुकूल हुने गरी मोडन सक्ने हस्ति र क्षमता भएको हुनुपर्छ । त्यसैले परराष्ट्रनीतिनिर्माण र सञ्चालनमा यथार्थवाद र आदर्शवादको सकुशल समिश्रण गर्ने सक्षम नेतृत्व आवश्यक हुन्छ ।

नेपालका नजिकका छिमेकीहरू चीन र भारत विश्व रङ्गमञ्जमा प्रखररूपमा प्रस्तुत भइरहेको सन्दर्भ छ । उदीयमान छिमेकी माथि शक्तिराष्ट्र र विश्वकै ध्यान पनि बढ्दो छ । चीन र भारतको प्रगतिले विश्व भूराजनीतिलाई उथलपुथल बनाएको छ । यस उथलपुथलमा सर्वसक्तिमान मुलुक अमेरिका पनि छिमेकिको रूपमा आइपुगेको छ राजा वीरेन्द्रको सन् १९८३ मा भएको अमेरिकाको राजकीय भ्रमणका अवसरमा राजालाई स्वागत गर्दै तत्कालीन राष्ट्रपति रोनाल्ड रेगनले भनेका थिए ""नेपाल गोलार्थको अर्को तिरको हाम्रो छिमेकी हो । "(Nepal is our neighbor on the other side of the globe)" । भुटानबाट जबर्जस्ती निकालिएका भुटानी शरणार्थीलाई मानवीय आधारमा नेपालले शरण दिएका भुटानी शरणार्थी मध्ये करीब एक लाखभन्दा बदी अमेरिकामा नै पुनर्स्थापित गरिए पनि अमेरिका अब यो समस्याको पक्षधर हुन पुगेको छ । यस भूखण्डमा घटने घटनाहरूका लक्षण विश्वव्यापी हुन पुगेका छन् । शक्तिराष्ट्रको घटनाहरूप्रति देखिने चासोले गर्दा हामी सिधै भन्न सक्छौं महाशक्ति राष्ट्रहरूको प्रतिस्पर्धा नेपालको घर दैलोमा आइपुगेको छ । चीन, भारत र विश्वको एकमात्र शक्तिराष्ट्र संयुक्त राज्य अमेरिकाको त्रिकोणात्मक प्रतिस्पर्धा र स्वार्थ हुनुले यसभन्दा अगाडि कहिल्यै नदेखिएको होडवाजी चलेको छ । हिमालयको क्षेत्र भूराजनीतिको पेचिलो चपेटामा परेको छ ।

चीन र भारतले यही क्षेत्रलाई सुरक्षाको दृष्टिले अत्यन्त महत्त्वपूर्ण र संवेदनशील क्षेत्र मानेका छन् । यस क्षेत्रमा अमेरिकाको चासो बढ्दो छ, तिब्बत र तिब्बती शरणार्थी माथि अमेरिकाको चासो विगतका वर्षहरूमा भन्दा गहिरिएर गएको छ । भारतमा निर्वासित दलाई लामाका उत्तराधिकारी छान्ने विषयमा निर्वासनमा बसेका तिब्बती समुदायले छान्ने या चीन सरकारले छानेको उत्तराधिकारी हुनेमा पश्चिमा देशहरू विशेष गरेर संयुक्त राज्य अमेरिकाको ध्यान बढेर गएको छ । नेपालसँग सीमा जोडिएको चीनको स्वशासित क्षेत्र तिब्बत माथिका उत्तराष्ट्रिय चासो बढेर गएको छ । नेपालले आफ्नो भूमिबाट चीन विरोधी गतिविधि कुनै पनि क्रियाकलाप हुन नदिने अडान राख्दैआएको छ । नेपालमा रहेका तिब्वती शरणार्थीहरूले चीन विरोधी कुनै पनि राजनीतिक गतिविधि गर्न नपाउने तर नेपालको कानुन-व्यवस्थाभित्र रहेर धार्मिक सांस्कृतिक कार्यक्रम गर्नुपर्ने भएकोले नेपालले यसबारे अडान स्पष्ट गर्नुपर्ने हुन्छ ।

## बी.पी. कोइरालाको परराष्ट्र नीति

माथिको पृष्ठभूमिमा रहेर नेपालको स्वार्थ सुरक्षा, सम्मान र संस्कृतिबारे नेपाली काङ्ग्रेसले अबलम्बन गरेको परराष्ट्र नीति विशेष गरेर बी.पी. कोइरालाले नेतृत्व गरेको सरकारले अङ्गीकार गरेको नीति र आजको सन्दर्भमा केन्द्रित भएर यस लेखमा विवेचना गर्ने प्रयत्न गरिएको छ। बी.पी. कोइराला सरकारको पराष्ट्रि नीतिमा स्वार्थको सर्वोच्चता रहन गएको देखिन्छ।

नेपाली काङ्ग्रेसको नेतृत्वमा २००७ सालको जनक्रान्तिले नेपाललाई मध्ययुगीन समाजबाट आधुनिकता प्रवेशमात्र गराएन, नेपालको परराष्ट्र नीतिलाई बेलाईती चस्माबाट हेरिने गरिएकोमा त्यस परिधिबाट बाहिर निस्केर स्वतन्त्र परराष्ट्र नीतिको वृहत् र व्यावहारिक दृष्टिकोण बनाउने आधारशीला खडा गऱ्यो। त्यति बेलै बी.पी. कोइरालाले लेख्नुभयो "धेरै लामो समयसम्म न्यायका लागि पश्चिमा मुलुकतिर हेऱ्यौं। आ-आफ्नो निर्णय आफैं गर्ने समय आएको छ। बहुमत साधारण जनताको बिचारमा सम्मान, स्वतन्त्रता र सुरक्षाको प्रत्याभूति हुनसकेमात्र विश्वमा शान्ति कायम हुनेछ।" यतिबेला विश्व अन्तरसम्वन्धित भएको छ राष्ट्रहरूको निमति एकअर्कासँग जोडिन पुगेको छ। नेपालको सम्मान, स्वतन्त्रता र सुरक्षा ऐलेको विश्वमा अरू जोडिन पुगेको स्पष्ट हुन्छ।

वि.सं. २००७ को जनक्रान्तिले कुटनैतिक सम्बन्धको बिस्तारको ढोका खोलेको हो। नेपाल प्रजातान्त्रिक युगमा प्रवेश गर्दा नेपालको कुटनैतिक सम्बन्ध केवल चार मुलुकहरूसँग थियो। बेलाईत (1816) अमेरिका (1947), भारत (1947) र फ्रान्स (१९४९)। जनवादी गणतन्त्र चीनसँगको कूटनैतिक सम्बन्ध (१९५५) का स्थापना भएको हो। त्यसै वर्ष नेपाल संयुक्त राष्ट्र सङ्घको पनि सदस्य बनेको हो।

नेपाली काङ्ग्रेसको जन्म प्रजातन्त्र र स्वतन्त्रताको जगमा भएकोले यसले सुरुदेखि नै स्वतन्त्र परराष्ट्र नीतिको वकालत गर्दैआएको छ। अस्पस्ट र अपरिभाषित देखिने नीतिलाई स्पस्ट र परिभाषित गरेको छ। २०१५ सालको चुनावी घोषणापत्रमा नेपाली काङ्ग्रेसले भनेको थियो "सबै मुलुकहरूसँग समानताका आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम राख्ने छ।" पार्टीको बिचारमा संयुक्त राष्ट्रसङ्घको सदस्यता विश्वशान्तिका लागि हो। छिमेकीहरू प्रजातान्त्रिक भारत र कन्युनिस्ट चीनसँगको सम्बन्धलाई मैत्रीपूर्ण र विश्वासमा आधारित बनाउन नै नेपालको परराष्ट्रनीतिको प्राथमिकता हो।"

नेपालमा भएको पहिलो आमनिर्वाचनमा दुई तिहाई बहुमतका साथ नेपाली काङ्ग्रेसले विजय हासिल गऱ्यो। बी.पी. कोइरालाको नेतृत्वमा प्रथम निर्वाचित सरकार गठन भयो। ५ वर्षको जनादेश प्राप्त गरेको पार्टीको सरकारले केवल १८ महिनामात्रै देशको नेतृत्व गर्ने मौका पायो। राजा महेन्द्रको सर्वेसर्वा भएर शासन गर्ने उत्कर्ष आकाक्षाका कारण निर्वाचित सरकारलाई निर्मम रूपमा हत्यामात्र गरेनन्, संसदीय व्यवस्था नै खारेज गरेर तथाकथित निर्दलीय पञ्चायती व्यवस्था थोपरे।

बी.पी. कोइराला नेतृत्वको सरकार मे २७, १९५९ देखि डिसेम्बर १५, १९६० सम्म रहँदा परराष्ट्र नीतिको स्पष्ट खाका कोरिएको थियो। शीतयुद्धको चपेटामा रहेको विश्व र छिमेकी भारत र चीनबिच देखिएको तनावका बिचमा परराष्ट्र नीति सञ्चालन गर्नु र आगामी बाटो तय गर्नु सहज कुरा थिएन। नेपाली काङ्ग्रेसको परराष्ट्र नीति वैचारिक आधारभन्दा धरातलीय यथार्थतामा आधारित रहेर सञ्चालित थियो। जेठ ४, २०१६ तद्अनुसार मे २५, १९५९ का दिन प्रधानमन्त्रीको हैसियतमा देशलाई सम्वोधन गर्दै बी.पी.ले परराष्ट्र नीतिको रूपरेखा

प्रस्तुत गर्दै भन्नुभएको थियो “नेपालले बिस्तारै बिस्तारै विभिन्न राष्ट्रहरूसँग मित्रताको सम्बन्ध बढाउदै गएको छ। अन्तर्राष्ट्रिय क्षेत्रमा अहिले पहिलेको नेपाल छैन। भारतसँगको ऐतिहासिक र अविछिन्न मित्रता झन् घनिष्ट भइरहेको छ। छिमेकी देश चीनसँग हाम्रो मित्रताको सम्बन्ध पुनः स्थापित भएर ऐतिहासिक सम्बधलाई हामीले झन्झन् बलियो पारिरहेका छौं । संयुक्त राष्ट्र सङ्घमा हाम्रो सदस्यता भएकोले हाम्रो देशले आफ्नो राष्ट्रिय आदर्शअनुसार अन्तर्राष्ट्रिय क्षेत्रमा काम गर्ने अवसर पाएको छ । हाम्रो सरकारले यो सदस्यताको सदुपयोग विश्वशान्ति, हाम्रो राष्ट्रिय नीति, तटस्थता र स्वतन्त्र नीतिको पक्षमा गर्ने छ जसले नेपालको हितलाई अनुसरण गरेको कुरा कैले दोहोऱ्याएर भनिरहनु आवश्यक छैन । नेपाल कुनै पनि सामरिक गुटमा लाग्ने छैन” (गिरि, २०७८, पृ. १७७) ।

अङ्ग्रेजी दैनिक कमनरलाई दिनुभएको अन्तर्वार्तामा बीपीले भन्नुभएको थियो “नेपालको परराष्ट्र नीति आफ्ना छिमेकीहरूसँग मैत्रीपूर्ण सम्बन्ध राख्ने र अन्तर्राष्ट्रिय गुटहरूप्रति तटस्थ रहने हो। यो नीति मुलुकको भौगोलिक र ऐतिहासिक तथ्यका साथै एशियाली राष्ट्रमाथि बढ्दै गएको नयाँ जिम्मेवारीको जागरुकतामा आधारित छ” (गिरि, २०७८, पृ. ३०७) ।

१९६९ (२०२५) मा समीक्षा साप्ताहिकलाई दिएको अन्तर्वार्तामा बीपीले भन्नुभएको थियो “नेपालको परराष्ट्र नीति राष्ट्रिय हितको संरक्षक हुनुपर्छ” (गिरि, २०७८, पृ. २६०) । राष्ट्रिय हितको पक्षमा सरकारमा रहदा होस्, जेलमा रहदा होस्, सत्ता बाहिर या निर्वासनमा रहदा पनि बी.पी.ले परराष्ट्र नीतिमा राष्ट्रिय हितकै पक्षमा वकालत गर्नु भयो, आफ्नो अडान स्पष्ट पार्नुभयो । परराष्ट्र नीतिमा कुनै भिन्नता रहेन । बी.पी.ले भन्नुभएको थियो “म कद्रटनीतिक स्तरमा राजनीति गर्न चाहन्न, म र राजाबिच यही फरक छ।” भारतमा निर्वासनमा रहदा पनि सेप्टेम्बरे १९७१ डिसेम्बर *Indian Express* एक्सप्रेससँग बी.पी.ले भन्नुभयो “चीनसँग नेपालको मैत्रीपूर्ण सम्बन्ध हुनुपर्छ (गिरि, २०७८, पृ. ३०६) ।

बी.पी.कोइरालाको १८ महिने प्रधानमन्त्रीत्व कालमा १७ मुलुकहरूसँग कुटनैतिक सम्बन्ध स्थापना भएको थियो। तत्कालीन सूचना प्रणाली र विज्ञान प्रविधिको विकासको अवस्था हेर्दा विभिन्न मुलुकहरूसँग सम्बन्ध कायम गर्नसक्नु नेपालको परराष्ट्र नीतिको महत्त्वपूर्ण अध्याय स्थापित भएको मानिन्छ। स्वतन्त्र परराष्ट्र नीतिको जग बलियो भएको थियो । किनभने भारतलगायतका एसियाका देशहरूले इजरायललाई मान्यता दिएका थिएनन् । कुटनीतिक सम्बन्धको बिस्तारले विविधीकरण गरेको र विभिन्न स्रोतबाट सद्भाव, समर्थन र स्रोत जुराउने अवसरको ढोका खोलेको थियो। जुन नीति अद्यापि कायमै छ, निरन्तर छ।

बी.पी.कोइराला प्रथम निर्वाचित सरकारको नेतृत्वमा रहेका समयमा
अष्ट्रिया - अगष्ट १५, १९५९,
इटाली - अगष्ट ३१, १९५९,
युगोस्लाभिया - अक्टोबर ७, १९५९,
स्वीटजरल्याण्ड - नोभेम्बर १०, १९५५,
पोल्याण्ड - नोभेम्वर २५, १९५९,
मलेसिया - जनवरी १, १९६०,
चेकोस्लाभाकिया - फेब्रुअरी १, १९६०,
ग्रीस - फेब्रुअरी २, १९६०,

फिलिपिन्स - फेब्रुअरी १५, १९६०,
अस्ट्रेलिया - फेब्रुअरी १५, १९६०,
वर्मा (म्यानमार) - मार्च १९, १९६०,
पाकिस्तान - मार्च २०, १९६०,
नेदरल्याण्ड - अप्रिल २, १९६०,
लाओस - मे २०, १९६०,
इजरायल - जुन १, १९६०,
स्वीडेन - जुन १०, १९६० र

थाईल्याण्ड नोभेम्वर ३०, १९६० गरी १७ ओटा मुलुकहरूसँग कुटनैतिक सम्बन्ध स्थापना भएको थियो (mofa.gov.np/pages/bilateral-relations-2).

## नजिकका छिमेकी मुलुक भारत र चीनसँगको सम्बन्ध

हामीलाई भूगोलले बाधेको तथ्य के-हो भने भारत र चीन हाम्रा नजिकका मित्रहरू हुन् । सुख, दुःख बाड्ने साथीहरू मानिन्छन् । समस्या आइपर्दा तुरुन्त कामलाग्ने साथी पनि हुन् । साथै नजीकमा साथीहरू भएकाले कहिले काही समस्या पनि आइलाग्छन् । हामीले बुझनुपर्ने कुरा के-हो भने मित्र वदल्न सकिन्छ, छिमेकी वदल्न सकिदैन । त्यसैले हामीले राष्ट्रिय क्षेत्रीय अन्तर्राष्ट्रिय level मा बोल्नु परे पनि हाम्रो स्थायी घर एसियाका दुई ठूला र उदीयमान मुलुक भारत र चीन बिचमा हो भने कुरा विर्सनुहुदैन ।

बीपीले १९५३ मा भारतको अमृत बजार पत्रिका (दैनिक)लाई दिएको अन्तर्वार्तामा भन्नुभएको थियो "विधाताले नेपाल र भारतलाई एकै ठाउँमा राखेको छ। हामीसगै पौडिन्छौं, सँगै डुब्छौं" (गिरि, २०७८, पृ. ११३) । बीपीको भनाइ थियो नेपाल र भारतको भाग्य एक अर्कासगै जोडिएको छ, भूगोलले हामीलाई भूपरिबेष्ठित बनाएको छ, छिमेकीमार्फत विशेष गरेर भारत भएर नै (सहज र मितव्ययी भएर) हाम्रो पहुँच समुद्रसँग पुग्ने हो भन्ने हामीले विर्सनु हुँदैन । उहाँको भनाइ थियो "हामीले भारतसँग अत्यन्त हार्दिक र घनिष्ट सम्बन्ध राख्नुपर्छ । हामीले चाहेर पनि भूगोलको तथ्यलाई विर्सन सक्दैनौं, नेपाली जनताको देशभक्ति भावनालाई उच्च सम्मान गर्दै हामी भारत विरोधी हुन सक्दैनौं, भारत विरोध हुन चाहने मुलुकहरूको पक्षमा वकालत गर्न सक्दैनौं । हामी चीन र अमेरिकाको पक्ष लिएर भारत विरोधी पनि हुन सक्दैनौं ।"

चीनसँग हाम्रो सम्बन्ध ऐतिहासिक छ। दुवै छिमेकीहरूसँग बढ्दो र विस्तारित सम्बन्धका कारण दुवैतिर आफ्नै किसिमका संवेदनशीलता र जटिलता आइलाग्छन् । सन्निकटताका कारण पनि यी समस्या देखिएका होलान् । बीपीले भन्नुभएको थियो "जति-जति छिमेकीहरूको आपसको सम्बन्ध विग्रन्छ हाम्रा उपर उतिउति उनीहरूको दवाव बढ्दै जान्छ । दुई विपरीत दिशाबाट पर्ने थिचाइले हामी झन् च्यापिदै जान्छौं । त्यसो हुनाले भारत र चीनको तनाव अथवा मतभेदका आधारमा राष्ट्रियता या अन्तर्राष्ट्रिय नीति बनाएर ढुक्क हुन खोज्नु गजदृष्टि हो, जुन अल्पदृष्टिले आक्रान्त पञ्चायतकालको ३० वर्षको नीति रहयो" (दाहाल, २०३८, पृ. १८) । उहाँ अगाडि भन्नुहुन्छ ,"हाम्रो राष्ट्रिय अस्तित्त्व र अखण्डताका लागि भारत र चीनको मित्रता जरुरी छ। मित्रताको खोजीमा भारत चीनको प्राथमिक कदम चाल्ने सुरसार हाम्रा लागि पनि मङ्गलकारी छ। भारत र चीनको मित्रता उनीहरूको हितमामात्र होइन, हाम्रो हितमा पनि छ (बी.पी.कोइराला, उदृतः दाहाल, २०३८,पृ. १८-१७) ।

परराष्ट्र नीतिमा देशको प्रतिष्ठा र सम्मान अत्यन्त महत्त्वपूर्ण हुन्छ। मित्रता चाहिन्छ तर मित्रताभन्दा महत्त्वपूर्ण

देशको प्रतिष्ठा र सम्मान प्राथमिकतामा पर्नुपर्छ । राष्ट्रिय अडानलाई कुनै पनि देशले छोड्न सक्दैन । यस सम्बधमा भारत र चीनसँग उठेका समस्याहरूमा बी.पी. कोइरालाले राख्नुभएको अडानले स्पष्ट गर्दछ ।

२७ नोमेम्वर-१९५९ दिन भारतीय लोकसभामा प्रधानमन्त्री जवाहरलाल नेहरूले भन्नुभयो "नेपाल र भूटान माथिका कुनै पनि आक्रमण भारत माथिको आक्रमण मानिने छ" (Bhasin,1970, p. 27) । भारतीय प्रधानमन्त्री नेहरूको भनाइको मतलब नेपालको राष्ट्रिय सुरक्षा भारतको जिम्मेवारी हुनेछ, जे गर्नुपर्छ भारतले गर्ने छ । त्यस भनाइको प्रतिकार गर्दै नेपालका प्रधानमन्त्री बी.पी. कोइरालाले भन्नुभएको थियो "नेपाल पूर्णरूपमा सार्वभौभ स्वतन्त्र राष्ट्र हो । भारतले एकतर्फी निर्णय लिएर सहयोग गर्ने भन्ने कुरा कहिल्यै स्वीकार हुँदैन । नेपालले आफ्नो परराष्ट्र र गृहनीति बाहिरी अधिकारी कसैलाई नसोधी आफ्नो राष्ट्रिय स्वार्थमा निर्णय लिन्छ" (Bhasin,1970, p. 27) । यो नीति हामीले प्रत्येक विषयको गुणदोषको आधारमा स्वतन्त्र रूपमा लिने गर्दछौँ । भारतीय प्रधानमन्त्री नेहरूले प्रधानमन्त्री बी.पी. कोइरालाको भनाइलाई 'पूर्णरूपमा सही' (completely correct) हो, भारतले एकतर्फी निर्णय लिएर काम गर्ने भन्ने प्रश्नै उठ्दैन (Bhasin,1970, p. 28) भन्नुभएको थियो । प्रधानमन्त्री नेहरूले प्रधानमन्त्री कोइरालाको भनाई यथार्थ हो, भारत या अन्य कुनै पनि देशले एकतर्फी कार्य गर्ने प्रश्न उठ्दैन, त्यो असम्भव छ भन्नुभएको थियो । यसरी भारतले एकतर्फी रूपमा कारवाही गर्ने भन्ने प्रश्न उठ्दैन भन्ने तथ्य बी.पी. कोइरालाको सरकारले स्थापित गरी स्पस्ट पारेको थियो ।

जनवरी १९६० मा प्रधानमन्त्री कोइरालाले भारतको औपचारिक भ्रमण गर्नुभयो । भ्रमणका क्रममा उहाँलाई पत्रकारले सोधेका थिए "नेपाल र भारतका बिचमा संयुक्त सुरक्षा (सैनिक गठवन्धन)" गर्ने विषयमा । यस्तो कुरालाई बीपीले वेकारका साथै अर्थहीन (*Worse than Useless*) भन्दै यो पूर्णतया अनावश्यक (*absolutely unnecessary*) भन्नुभएको थियो (B.P said joint defence between India and Nepal as military alliances were " worse than useless " A joint defense between India and Nepal was *absolutely unnecessary,"* (Bhasin,1970, pp. 49-50) ।

बीपीको भनाइले राष्ट्रियताप्रतिको दृढता र आत्मविश्वासलाई स्थापित गरेको छ। भारतीय स्वतन्त्रता सङ्ग्रामका लागि जेलको कठोर यातना भोग्नुभएका बीपीले नेपालको परराष्ट्रनीति स्वतन्त्र रहेको राष्ट्रिय स्वार्थमा कसैसँग सम्झौता हुन नसक्ने भन्दै राष्ट्रिको प्रतिष्ठा र गौरव स्थापित गर्नुभएको थियो । बी.पी. कोइरालाको निर्वाचित सरकारलाई अपदस्त गरेका राजा महेन्द्रले ५ वर्ष पछि जनवरी ३०, १९६५ मा भारतसँग हतियार आयात गर्ने समझदारी गरे । आफ्नो अधिनायकवादी सत्ता सुदृढ गर्न भारतलाई खुशी पार्न नेपालको राष्ट्रिय सुरक्षाका गम्भीर प्रश्नमा पनि "समन्वय र सल्लाहÆh:tf zAb राखेर सम्झौता गरे, (Bhasin,1970, pp. 49-50),सत्ता स्वार्थका लागि राजा महेन्द्रले राष्ट्रको प्रतिष्ठामा आँच पुऱ्याउने काम गरे ।

## नेपाल–चीन सम्बन्ध

प्रधानमन्त्रीका हैसियतमा बी.पी. कोइरालाले सन् १९६० मार्चमा जनवादी गणतन्त्र चीनको भ्रमण गर्नुभयो । चीनका शीर्ष नेताहरूसँग भेटघाट गर्नुभयो । चीनका शक्तिशाली सर्वोच्च नेता माओत्सेतुंग बीपीलाई भेट्न उहाँ बसेकै होटेलमा आउनुभएको थियो । दुई देशबिच आर्थिक सहयोगसम्बन्धी सम्झौतामा हस्ताक्षर भए । त्यति बेलासम्म दिल्ली स्थित चिनियाँ राजदूतावासले नेपाल पनि हेर्ने गर्दथ्यो । काठमाडौँमा चिनियाँ राजदूतावास नै खोल्ने निर्णय बीपीको चीन भ्रमणका अवसरमा गरिएको थियो ।

विश्वको सर्वोच्च शिखर सगरमाथा जो नेपाल-चीन सीमामा छ त्यसको स्वामित्वको कुरा उठ्यो । चीनको

नेतृत्वले सागरमाथा-हाम्रो हो भनी दावी सार्‍यो । माओले यो चीनकै हो, नेपाली नाम नै छैन भन्ने तर्क प्रस्तुत गरे । बीपीले चिनियाँ नेताको भनाइ खण्डन गर्दै साथमा लगेको नक्सा देखाउदै प्रतिवाद गर्नुभयो र सर्वोच्च शिखरको वास्ताविक नाम सागरमाथा हो । यो नेपालमा पर्छ भन्नुभयो । यसैबिच चीनका प्रधानमन्त्री चाऊ एनलाई प्रधानमन्त्री बीपीको निमन्त्रणामा नेपाल आउनुभयो । मे २८, १९६० का दिन काठमाडौँमा भएको प्रेस सम्मेलन बीपीले सगरमाथा माथिको नेपालको अडान दोहोर्‍याउनुभयो र भन्नुभयो "सगरमाथा नेपालको र नेपालकै मात्र हो ।" चीनका प्रधानमन्त्री चाउएनलाईले त्यसमा स्वीकारोक्ति जनाउनुभएको थियो (BP Koirala made it clear that Sagarmatha "belongs to Nepal and Nepal alone, in Jain, 1981, p.327).

बी.पी. प्रधानमन्त्री रहँदा जुन २८, १९६० का दिन नेपाल-चीन सीमामा रहेको कोरे भञ्ज्याङको दक्षिणपट्टी अर्थात् नेपाली भूमी पट्टि प्रवेश गरेर चिनियाँ सैनिक टोलीले नेपाली सुरक्षाकर्मी एक जवानको हत्या गरे । १७ जनालाई कब्जागरी सीमा पारी चीनतिर लगेको खबर आयो । खबर पाउने वित्तिकै बीपीले चीनका प्रधानमन्त्री समक्ष विरोध जनाउनुभयो । चीनका प्रधानमन्त्रीले यदि नेपालका प्रधानमन्त्रीले विरोधपत्रमा उल्लेख गरेअनुसार नेपाली सुरक्षाकर्मीको हत्या भएको भए दुर्भाग्यपूर्ण भन्दै यदि नेपालीहरू, चिनियाँ हिरासतमा भए तुरुन्त रीहा गर्ने सङ्केत गर्नुभयो । आफ्नो सन्देशमा चीनका प्रधानमन्त्रीले साम्राज्यवादी र विदेशी प्रतिक्रियावादीहरू घटनालाई बढाई चढाई गर्न लागेका, नेपाल चीन सम्बन्धमा असमभ्रुदारी ल्याउन खोजेको र चीन विरोधी अभियान चर्काउन खोजेको र सचेत हुनुपर्ने कुरा पनि चीन राष्ट्रतर्फबाट उल्लेख भएको थियो (Bhasin,1970, pp. 274-275) । चिनीया प्रधानमन्त्रीले घटना दुर्भाग्यपूर्ण रहेको र यसले चीन र नेपालबिच रहेको प्रगाड मित्रतालाई असर नगरोस् भन्ने विश्वास व्यक्त गर्नुभएको थियो ।

चीनियाँ प्रधानमन्त्रीको सन्देश नेपालका प्रधामन्त्रीलाई सन्तोषजनक र नेपाली हित अनुरुप नभएको ठहर गर्दै नेपाल-चीनबिच भएको सहमतिअनुसार सीमारेखादेखि २० कि.मि. सम्म सुरक्षा तैनाथ नगर्ने सहमति भएको र जुन २८ को घटना यस सम्झौताको ठाडो उल्लङ्घन भएको भन्दै नेपालका प्रधानमन्त्री बी.पी. कोइरालाले कडा विरोध जनाउनुभयो । चिनियाँ सैनिक सीमाबाट तुरुन्त फिर्ता गरी त्यस क्षेत्रलाई गैरसैनिक क्षेत्र कायम गर्न माग गर्नुभएको थियो । त्यसको जवाफमा चीनका प्रधानमन्त्रीले घटनालाई दुर्भाग्यपूर्ण बताउँदै नेपाल र चीन बिचको मित्रता महत्त्वपूर्ण भएको, चीनले सो घटनाको जिम्मेवारी लिएको र क्षतिपूर्ति स्वरूप साङ्केतिक रूपमा नेपाली सुवेदार सैनिक मारिएकोमा रु ५०,०००/- नेपाल सरकारलाई चीनले दिने निर्णय भएको उल्लेख गर्दै प्रधानमन्त्री कोइरालालाई पत्र लेख्नुभएको थियो ।

चीनले घटनाको तथ्य-विवरणलाई स्वीकार गरेको, घटनाबारे माफी मागेको, क्षतिपूर्तिसमेत पठाएकोमा र नेपाल-चीनबिचको सम्बन्धलाई सुदृढ गर्ने दिशामा अगाडि बढाउने विचार व्यक्त गरेकोमा धन्यवाद दिदै नेपालका प्रधानमन्त्रीले नेपाल-चीनको मित्रता सधै आपसी हितमा हुनुपर्नेमा जोड दिनुभएको थियो । पत्रको अन्तमा प्रधानमन्त्री कोइरालाले भन्नुभएको थियो- "नेपाल चीन मित्रता एसिया तथा विश्वमा नै शान्ति र स्थायित्वका लागि सर्वाधिक महत्त्वपूर्ण रहेको छ। नेपाल-चीन सम्बन्धलाई निकटतम र सुदृढ बनाउन नेपालले कुनै कसर वाकी राख्ने छैन ।"

यसले के देखाउँछ भने नेपाली नेतृत्वले जुन तदारुकता, तत्परता र जिम्मेवारी साथ कुरा उठायो, आफूले उठाएको विषयमा सुरुदेखि अन्तसम्म टसमस भएन, अर्को पक्षलाई वास्तविक तथ्यलाई स्वीकार गर्न बाध्य बनायो । नेतृत्वको व्यक्तित्व, उच्च साहस, नैतिकता राष्ट्रप्रतिको प्रतिबद्धताका कारण छिमेकीहरूका साथै अन्तर्राष्ट्रिय समुदायमा नेपालको साहस, दृढता, विश्वसनीयता प्रदर्शित र स्थापित भयो । नेपाललाई सम्मानका

साथ हेर्ने तथ्यलाई बीपीले स्थापति गराउनुभएको थियो । यो उच्च कुटनैतिक कौशलता, दक्षताको परिणाम स्वतन्त्र देशको सार्वभौमिकता, भौगोलिक अखण्डताप्रति विश्व रङ्गमञ्चमा आदरभाव प्रदर्शित भएको थियो । सुरुदेखि अडान राख्ने र त्यस अडानप्रति अडिग भएर-तार्किक निष्कर्षमा पुऱ्याउने दृढता देखिने हो भने अरूले नेतृत्वप्रति आदर भाव पकट गर्छन् । सम्मान गर्छन । बोलेको कुरालाई गम्भीर रूपमा लन्छिन् विश्वास गर्छन् । यो कुरा वर्तमान् नेतृत्वले मनन् गर्न र अनुकरण गर्न आवश्यक छ ।

## संयुक्त राष्ट्र सङ्घमा बी.पी. कोइराला

प्रधानमन्त्री बी.पी. कोइराला नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सेप्टेम्बर २९, १९६० संयुक्त राष्ट्र सङ्घको १५ औं महासभा (United Nations General Assembly) लाई सम्बोधन गर्नुभएको थियो । त्यहाँ व्यक्त गर्नुभएका बिचारहरू नेपालको परराष्ट्र नीतिलाई दिग्दर्शन गर्ने ऐतिहासिक दस्तावेजका रूपका स्थापित भएका छन् । उक्त भाषणमा प्र.म. बी.पी. कोइरालाले व्यक्त गर्नुभएका बिचारहरू, आजको सन्दर्भमा पनि उत्तिकै सामयिक, सान्दर्भिक व्यावहारिक हुनुका साथै अनुकरणीय छन् । भाषणका केही अंश तल उल्लेख गरिएको छः (Statement by the Rt. Honorable Mr. B.P. Koirala, Prime Minister of the Kingdom of Nepal at the 15th Session of the United Nations General Assembly, New York, Sept 29, 1960.

"आजकल विश्वको परिस्थिति ठूला राष्ट्रको आधिपत्यले प्रभावित छ । यो भावना ठूला-ठूला राष्ट्रहरूकोमात्र नभै ठूला राष्ट्र झै भूमिका खोज्ने आकांक्षी राष्ट्रहरूमा पनि देखिन्छ ।" वर्तमानमा तीव्ररूपमा बदलिँदो भुराजनीतिले पनि उदीयमान मुलुकहरूले शक्ति राष्ट्रले देखाउने चरित्र र शैलीको प्रतिविम्व देखिन थाल्नुले नै स्पष्ट पारेको छ । बलिया र शक्तिशाली राष्ट्रले जे गरे पनि मान्य हुनुपर्ने, कानुन बन्ने डर बढ्दो छ, यसबाट शीतयुद्धको 'प्रभाव-क्षेत्र' को पुनरागमन हुने डर दोखिएको छ । ग्रीसका इतिहासविद् थुसिडिडिस (Thucydides) ले भनेको थिए "The Strong do what they can, and the weak suffer ~~sngth~~ what they must" यसले के देखाउछ भने न्याय भनेको समान शक्ति भएकाहरूबिच हुने हो, शक्तिशालीले सधै कमजोर माथि आधिपत्य जमाएकै हुन्छ ।

बीपीले संयुक्त राष्ट्र सङ्घमा चीनको प्रतिनिधित्वको विषयलाई जोडदार रूपमा वकालत गर्दै भन्नुभएको थियो "चीनको प्रतिनिधित्वको विषयमा नबोली रहन सक्तिन । चीनको विषय आफ्नै किसिमको छ । हाम्रो बिचारमा जबसम्म जनवादी गणतन्त्र चीनलाई यस संस्थामा उसको हकपूर्ण स्थान नदिऊञ्जेलसम्म न त यस संस्थाले विश्वव्यापकता (Universality) प्राप्त गर्नसक्छ न त विश्वको विद्यमान राजनीतिक वास्तविकतालाई प्रतिविम्वित गर्नसक्छ । जनवादी गणतन्त्र चीनलाई सदस्यता पदान नगरुञ्जेल संयुक्त राष्ट्रसंघले पूरा गर्नुपर्ने आफ्ना महत्त्वपूर्ण काम कारबाही प्रभावकारी रूपमा गर्नसक्ने छैन । संयुक्त राष्ट्रसंघको बडापत्र (Charter) मा संयुक्त राष्ट्रसंघका जनताको उल्लेख भएको छ । त्यसैले ६३ करोड जनतालाई संयुक्त राष्ट्रसंघको विविध गतिविधिबाट टाढा राखेर रचनात्मक अवसरबाट वञ्चित गरेर यो संस्थाले विश्वका जनताको पूर्ण प्रतिनिधित्व गर्छ भन्न सकिदैन । यस्ता विषयहरूमा संयुक्त राष्ट्रसंघ आफ्नो दृष्टि र प्रभावका लागि संयुक्त राष्ट्रसंघले अहिलेसम्म देखाएको भन्दा अगाडि बढेर दुरदर्शिता, प्रतिभा र भावना जरुरत छ भन्ने मलाई लाग्दछ ।"

सन् १९५०-६० को दशक र त्यसपछि पनि पश्चिमा जगत्ले जनवादी गणतन्त्र चीनलाई मान्यता दिएको थिएन । चीनलाई (Red China) कै रूपमा देख्यो, देखेको थियो । बीपीले वास्तविकता बुझेर चीनको संयुक्त राष्ट्रसंघमा प्रतिनिधित्वको कुरा जोडदार रूपमा उठाउनुभएपछि संयुक्त राष्ट्रसंघभित्र र बाहिर चीनको

सदस्यताबारे सशक्त माहौल सिर्जना भएको थियो। सन् १९६७ (1967) मा अमेरिकी राष्ट्रपति पदमा उम्मेदवार रिचर्ड निक्सनले विश्व प्रसिद्ध प्रकाशन (Foreign Affairs Magazine) मा लेख लेख्दै "चीन जस्तो ठुलो मद्रलद्रकलाई लामो समयसम्म अन्तर्राष्ट्रिय राजनीतिको मूलधारभन्दा बाहिर राख्नु बुद्धिमानी नहुने विचार व्यक्त गर्नुभयो। राष्ट्रपति चुनाव जितेपछि रिचर्ड निक्सनले-आफ्ना राष्ट्रिय सुरक्षा सल्लाहकार, (पछि-विदेश मन्त्री) हेनरी किसिञ्जरलाई सन् १९७१ मा चीन पठाउनु भयो। हेनरी किसिञ्जरले चिनीया प्रधानमन्त्री चाऊ एनलाई भनेका थिए "वास्तविकताले हामीलाईसँगै एक ठाउँमा उभ्याएको छ। यही वास्तविकताले हाम्रो भविष्य निर्धारण गर्ने छ। "Reality has brought us together and we believe this reality will shape our future," (Sestanovich, 2014, p.174)।

आजको विश्व भूराजनीति र अर्थनीतिको वास्तविकता भनेको चीन नै हो। बीपीले वास्तविकता/ यथार्थता (Reality) चीनको विश्वमा भूमिकाको बारेमा प्रयोग गर्नुभएको शब्द हेनरी किसिञ्जरले १२ वर्ष पछि 'Reality' शब्द प्रयोग गरेको प्रसङ्गले बी.पी. दूरद्रष्टा हुनुहुन्थ्यो भन्ने प्रस्ट हुन्छ। अमेरिकाले सन् १९७१ (अक्टोवर) मा गएर संयुक्त राष्ट्रसंघको प्रस्ताव २५७८ लाई समर्थन गरेर चीनको सदस्यताको मार्गप्रशस्त गरेको थियो।

त्यसपछि विश्वका अधिकांश राष्ट्रहरूले गणतन्त्र चीन (ताईवानलाई फर्मोसा पनि भनिन्थ्यो) को सट्टा त्यस बेलादेखि जनवादी गणतन्त्र चीन (People's Republic of China) लाई चिनियाँ जनताको वैधानिक, सही, एकमात्र प्रतिनिधि भएको स्वीकार गर्न थालेका थिए। यसबाट के पनि स्पष्ट हुन्छ भने हामीले हाम्रा छिमेकीका बारेमा, उनीहरूको भूमिका, योगदानबारे नजिकबाट बुझ्न जरुरी छ,। बी.पी. अरू नेताभन्दा अगाडि हुनुभएको कुरा यस दृष्टान्तले स्थापित गरेको छ।

नेपालको परराष्ट्र नीति र असलग्नताबारे बीपीले विश्व समुदायको अगाडि सन् १९६० (२०१७) मा भन्नुभएका कुरा आज उत्तिकै सान्दर्भिक छन्। नेपालको परराष्ट्रनीतिका मार्ग निर्देशक सिद्धान्तका रूपमा स्थापित छन्। सम्वोधनका क्रममा बीपीले "प्रत्येक राष्ट्रको परराष्ट्रनीतिको पहिलो मुख्य उद्देश्य आफ्नो राजनैतिक स्वाधीनता, सम्प्रभुता र सुरक्षा कायम गर्दै विश्वशान्ति र सहयोग प्रवर्द्धन गर्नु हो। नेपालको परराष्ट्रनीति संयुक्त राष्ट्रसंघको वडापत्रमा अन्तर्निहित सिद्धान्त र उद्देश्यले पूर्णतया प्रेरित छ। संयुक्त राष्ट्र सङ्घलाई हामीले आफ्नो स्वतन्त्रता र सुरक्षाको पहरेदारमात्र होइन आफ्नो हक र स्वाधीनताको संरक्षक सम्झेका छौं। हामीले संयुक्त राष्ट्रसंघलाई राष्ट्रहरू बिचको शान्ति र न्यायको विकास गर्ने एउटा साधन मानेका छौं। हामीलाई दृढ विश्वास छ कि चीरस्थायी शान्ति र स्थिर विश्वव्यवस्था स्वतन्त्रता र न्यायको आधारमामात्र प्राप्त गर्न सकिन्छ। यही लक्ष्यका निमित्त संयुक्त राष्ट्र सङ्घको परिधिभित्र हामी अरू राष्ट्रहरूसँग सहयोग गर्न चाहान्छौं भन्नुभएको थियोÆ।

नेपालको असंलग्न परराष्ट्र नीतिबारे पनि बीपीले बोल्नुभएको थियो। सेप्टेम्बर १९६१ मा प्रारम्भ भएको असलग्न आन्दोलन शिखर सम्मेलन अघि नै बीपीले बोल्नुभएका वाक्यहरूले नेपालको परराष्ट्र नीतिलाई मार्गदर्शन गरिरहेका छन्। सम्वोधनका क्रममा बीपीले भन्नुभएको थियो "नेपाल आर्थिक, सैनिक साधन र शक्तिको हिसावले एउटा सानो मुलुक हो तर हामी-आफ्नो जिम्मेवारी र राष्ट्रसंघको सदस्यको हैसियतबाट गर्नुपर्ने काम-कारवाहीप्रति पूर्णतया सचेत छौं। संयुक्त राष्ट्रसंघ हाम्रो भूमिका माथि उल्लेख गरिएका सिद्धान्त र बिचारहरूबाट सधै निर्देशित रहने छन्। विश्व मामलामा हामी स्वतन्त्र रूपमा निर्णय गर्ने कुरामा विश्वास राख्दै बेला-बेलाका आईपर्ने अन्तर्राष्ट्रिय समस्याहरूमा हामी कतै पनि संलग्न नभएर स्वतन्त्र निर्णय लिन चाहान्छौ। किनभने हामी संसारका शक्तिगुटबाट तटस्थ नीति अवलम्वन गर्नुको कारण यो हो कि हामी कुनै कुरामा

पनि अगाडि बाटै कुनै एक पक्षप्रति समर्थन जनाउने गरी संलग्न हुन चाहँदैनौं । हाम्रो रायमा यहीमात्र एउटा बाटो छ-जसबाट हामी विश्वमा समय-समयमा परिआउने समस्याको यथार्थ र वस्तुगत निष्पक्ष रूपमा जाँच गर्नसक्छौं । हामीलाई ठीक लागेको कुरा स्पष्ट र जोडसँग भन्न हामी कहिल्यै हिचकिचाएका छैनौं । हामीले प्रत्येक विषयमा कसैको डर, धाक नमानी यसको गुणदोषको विचार गरी निर्णय लिने गरेका छौं । शक्तिगुटहरू, कुनैसँग पनि नलाग्नु हाम्रो नीति हो । मेरो त यो धारणा छ कि हामीले आफूलाई लागेको कुरा कसैको डर धम्की नमानी स्पष्ट रूपमा खुला दिलले भन्नुपर्छ । म मेरो देशको कहिल्यै नगुमेको स्वाधीनताको गर्व गर्दछु ।"

साना राष्ट्रहरूबारे बीपीको भनाइ थियो "सयुक्त राष्ट्रसंघमा साना राष्ट्रहरू सदस्य छन् । यी साना राष्ट्रहरूले इच्छा गरे आजको विश्वमा एउटा उत्तरदायी सशक्त र निकै रचनात्मक भूमिका खेल्न सक्छन् । यो काम सजिलो छैन । इतिहास, भाषा, परम्परा र सांस्कृतिक विभिन्नता भए तापनि हामीमा एकता हुनु ज्यादै नै आवश्यक भइसकेको छ । यो एकता ल्याउन नसकेसम्म हाम्रो शक्ति छरिएर खेर जाने छ ।" बीपीले भन्नुभएको थियो "हामी असंलग्न राष्ट्रहरूको आफ्नै विचार हुनुपर्छ । यसैमा हाम्रो मतहरूको महत्त्व हुने छ । यस संस्थालाई हामी विभिन्न शक्ति गुट बिचको भकुण्डो (football) हुन दिन चाहदैनौं ।"

विश्वले सामना गर्नुपरिरहेका राजनैतिक र सैनिक समस्याहरू अत्यन्तै चुनौतीपूर्ण भएको बताउदै बीपीले विश्वका विभिन्न क्षेत्रमा रहेको बढ्दो आर्थिक समस्याप्रति संयुक्त राष्ट्रसंघको ध्यान बढि मात्रामा जानुपर्ने बताउनुभएको थियो । बीपीले भन्नुभएको थियो "यदि हामीले विचार गरी विश्वका विद्यमान समस्याहरूको अवलोकन गर्‍यो भने हामी पाउँछौं कि राष्ट्रका धनी र गरिबहरूमा झै विभिन्न देशहरूको आर्थिक अवस्थाको विषमता असमानता नै विश्वमा रहेको आपसी खिचातानी र झगडाका कारण हुन् ।" "मेरो बिचारमा आर्थिक विकासको चुनौती राजनैतिक चुनौतीभन्दा गम्भीर कुरा हो ।"

माथि उधृत गरिएका वाक्यहरूले नेपालले स्पष्ट रूपमा आफ्नो परराष्ट्रनीतिबारे छिमेकीहरू भारत र चीनप्रतिको विश्व रङ्गमञ्चमा राख्नुपर्ने अडान, साना राष्ट्रहरूको अवधारणा र उनीहरूले गर्न सक्ने योगदान, आर्थिक विकासबारे विश्वले सामना गर्नुपरेका समस्या र चुनौती चीनलाई संयुक्त राष्ट्रसंघमा प्रतिनिधित्व गराउने बारेको विश्व समुदाय समक्ष गरेको आह्वानले बीपीका बिचारहरूको सान्दर्भिकता आज पनि देखाउँछ ।

## निष्कर्ष र आजको सन्दर्भ

सफल, दक्ष र प्रभावकारी परराष्ट्र नीतिका लागि घरेलु स्थितिलाई व्यवस्थित र अनुशासित बनाएर राष्ट्रिय एकता प्रदर्शन गर्दै राष्ट्रिय हितमा सबैको राष्ट्रिय सहमति आवश्यक छ । सधै स्वार्थ केन्द्रित हुँदा राजनीतिक दलहरूले परराष्ट्र नीतिलाई प्राथमिकतामा राख्न सकेका छैनन् । मुलुकमा बढ्दै गइरहेको निराशालाई चिरेर आशा जगाउन जरुरी भएको परराष्ट्र नीतिलाई समष्टिगत रूपमा लिइने हुनाले (whole of government approach) संवैधानिक संस्थाहरू, सरकारका विभिन्न निकायहरूबिच आपसी सहयोग, सर-सल्लाह र समन्वय गरेर राष्ट्रिय स्वार्थमा सम्पूर्ण मुलुकको एउटा आवाज हुनुपर्‍यो । संस्थाहरूलाई कानुन बमोजिम निष्पक्ष रूपमा काम गर्न दिनु पनि उत्तिकै आवश्यक छ । आन्तरिक एकता र शक्तिले बाहिर तागत् दिन्छ । घर कमजोर भए बाहिरी विश्वले विश्वास गर्दैन । बदलिदो परिवेश हेरेर साविक बमोजिम (Busines as usual) काम गरे वर्तमानमा देखिएका चुनौतीहरूको सामना गर्न सकिदैन ।हामीले समयमा नै समस्याको गम्भीरता र संवेदनशीलतालाई बुझ्न सकेनौं भने हामीलाई समस्याको भेलमा बग्नुपर्ने हुनेछ । संकटले हामी माथि शासन गर्ने छ ।

## वर्तमान सन्दर्भ, नेपाल र बी.पी. कोइराला

विश्व तीव्ररूपमा परिवर्तन भइरहेको छ। पहिले नदेखिएका र कल्पना पनि नगरिएका परिवर्तनहरू देखिएका छन्। द्वितीय विश्वयुद्धपछि सन् १९४५ मा भएको विश्वका शक्तिशाली नेताहरू अर्थत विजेता देशहरू अमेरिका, बेलाईत र सोभियत साङ (Soviet Union) जम्मा भएर छलफल गर्दा वास्ता न राखिएको एसिया अहिले आएर विश्व भुराजनीति, अर्थनीति, परराष्ट्र नीति, नीति, कुटनीति, सुरक्षा नीतिको केन्द्र बिन्दुमा आइपुगेको छ।

नेपालका छिमेकीहरू चीन र भारत परिवर्तन भएका छन् । उनीहरूको आर्थिक राजनैतिक रूपान्तरणले एसिया-प्रशान्तक्षेत्र परिवर्तन भएको छ । नेपाल पनि परिवर्तन भएको सन्दर्भ छ हो । शीतयुद्धको अन्त्य भएपछि विश्व दुई ध्रुवबाट एक ध्रुवीय हुँदै वर्तमानमा बहुध्रुवीय (Multipolar) मा प्रवेश गर्दैछ। विज्ञान र प्रविधिको विकासले फड्को मारेको छ। विश्वलाई एकै ठाउँमा ल्याएको छ। विश्व बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक भएको छ। विश्वका देशहरूको नियति एक अर्कासँग जोडिन पुगेको छ। विश्व भू-राजनीतिलाई सबभन्दा धेरै प्रभाव पार्ने कारक चीनको अप्रत्याशित प्रगति भएको छ।

स्थापना कालमा ५१ सदस्य राष्ट्र भएको संयुक्त राष्ट्रसंघमा हाल १९३ राष्ट्र सदस्य भएका छन् । संयुक्त राष्ट्रसंघको महासभामा एक राष्ट्र एक मतको अधिकार राख्छन् । संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद्मा भने ५ स्थायी सदस्य र १० अस्थायी सदस्य (दुई वर्ष कार्यकालका लागि) निर्वाचित भएका हुन्छन् । ५ स्थायी सदस्यमध्ये पनि विश्वको कुनै पनि कुनामा राजनीति, कुटनीति, सुरक्षा, अर्थतन्त्र र जीवन शैलीलाई प्रभावित पार्ने क्षमता तीन ठूला शक्तिशाली राष्ट्रहरू अमेरिका, चीन र रुससँग छ।

भारत सुरक्षा परिषद्को स्थायी सदस्य नभए तापनि विश्वको ठुलो प्रजातान्त्रिक मुलुक हो । सबैभन्दा धेरै जनसङ्ख्या, विश्वको चौथो ठुलो अर्थतन्त्रका साथै बढ्दो सैनिक शक्ति भएको देश मानिन्छ। जलवायु परिवर्तन AI (Artificial Intelligence), आतङ्कवाद, महामारीको रोग आउने चुनौतीसँग लड्न भारतको सहयोग अपरिहार्य बन्न पुगेको छ । कुनै समय विश्व भू-राजनीतिको किनारामा रहेको दाक्षिण एसिया भूराजनीतिको केन्द्रमा आइपुगेको छ। कुनै समयमा अमेरिकी राष्ट्रपतिले दक्षिण एसियालाई सबभन्दा खतरनाक ठाउँ (most dangerous place on earth) भनेका थिए।

हिन्द महासागर (Indian Ocean) जहाँबाट विश्व व्यापारको ४०%, ओहोर दोहोर हुन्छ, । हालैका वर्षमा विश्वशक्ति राष्ट्र र उदीयमान राष्ट्रहरूको चासो बढिरहेको छ । चीन विश्वको एक तिहाइ उत्पादनको केन्द्र हो। चीनले विश्वका १२० भन्दा बढी राष्ट्रहरूसँग व्यापार गरिरहेको छ। विश्वका Supply chains मा चीन सबैभन्दा बढी जोडिन पुगेको छ। विश्वको दोस्रो अर्थतन्त्र र शक्तिशाली राष्ट्रको रूपमा चीन अगाडि बढ्केकोले पश्चिमा राष्ट्रहरूको टाउको दुखाइ भएको छ। Artificial Intelligence (AI) मा पनि चीन अगाडि बढिरहेको छ । अमेरिका र चीनको प्रतिस्पर्धा बढ्दो छ । अमेरिकाले Indo–Pacific strategy (IPS) लाई क्षेत्रीय सुरक्षाको महत्त्वपूर्ण रणनीति मानेको छ। भारत त्यसको प्रमुख अङ्ग बनेको छ। भनिन्छ IPS रणनीति भनेको चीनको प्रगति माथि रोक लगाउने हो।

भारत-चीनबिचको सीमा विवाद विश्वको सबैभन्दा लामो सीमा विवाद हो। कति क्षेत्रमा विवाद छ भन्ने पनि चीन र भारतबिच फरक-फरक विचार छन् । यो सीमा विवादले खतरनाक रूप लिने हो कि भन्ने डर र त्रास छ । दुवै उदीयमान र आणविक राष्ट्रहरू भएकाले आफ्नो प्रभाव बढाउन एक अर्कासँग प्रतिस्पर्धामा छन् ।

चीनले भारतलाई अमेरिकाको पोल्टामा गइसकेको ठान्दछ। भारतका विदेश मन्त्रीका भाषण हेर्दा त्यस्तै पनि देखिन्थ्यो तर अहिले आएर अमेरिकासँग भारतको समबन्ध चिसिएको छ। भारतले रूससँग तेल किने बापत अमेरिकाको नयाँ नेतृत्वले लगाएको भन्सार दरले २५ वर्ष लगाएर निर्माण गरेको अमेरिका-भारत समबन्ध चिसिएको हो । भारत र चीन नजिकिदै गरेको सन्दर्भ छ। भारत कतैतिर नलागेर स्वतन्त्र अडान देखाएको छ। अमेरिकाले ५०% भन्सार कर लगए पनि भारत रूसलाई छोड्न तयार भएको छैन।

चीनको उदयले अमेरिकासँग नजिकिएको भारत सीमा समस्याकै बिचमा पनि चीनसँग नजिकिन पुगेको हुनाले भारत र चीनबिच भएका भ्रमणको आदान प्रदानबाट देखिन्छ। यस्ले के पनि बताउँछ भने छिमेकी सँगको समबन्ध कति महत्त्वपूर्ण हुँदो रहेछ र छिमेकीसँग मिलेर बस्नुपर्ने हुँदो रहेछ। विश्वास भनेको कुटनीतिको, आधारभूत पूर्वाधार हो। सबै समस्याको समाधान वार्तामार्फत विश्वासको जगमा गरिने हो, कसैको आड भरोसामा भन्दा आपसी विश्वास्, आपसी सम्मान, आपसी समझदारीमा समबन्ध राखेमात्र दिगो हुनसक्छ

नेपालको भारत र चीन माथिको निर्भरता एक वास्वविकता हो । इन्कार गर्न सकिँदैन । निर्भरता वर्षै पिच्छै चुलीदै गएको छ। सबै कामहरू कसैले नै गरि देओस् भन्ने प्रवृति बढ्दो छ। घर-छिमेकी र वरपर के भइरहेछ, दीर्घकालमा यसको राष्ट्रिय सुरक्षा, सम्मान र अस्मितामा के असर पर्ला, कसरी त्यसको सम्वोधन होला भन्ने तिर नेतृत्व बेखबर देखिन्छ। स्वार्थ केन्द्रित सत्ता प्राप्ति नै अभीष्ट बन्न पुगेको छ। घटना क्रमको विश्लेषण चिरफार गरेर त्यसको सम्भावित असर बुझ्न नखोज्नु भनेको विषयको संवेदनशीलता र गम्भिरता बुझ्न नखोज्नु, फुर्शद नहुनु अहिलेको नेतृत्व पुस्ताको कमजोरी देखिन्छ।

नेपालको भौगोलिक अवस्थिति भारत र चीनको बिचमा छ। यी हाम्रा महत्त्वपूर्ण छिमेकीहरू हुन् । परराष्ट्र नीतिको कुरा गर्दा कहिल्यै पनि नेपालको भूगोल र इतिहास विर्सनु हुदै्। मित्र या शत्रु छुट्ट्याउन र छान्न सकिन्छ तर छिमेकी छान्न सकिदैन। छिमेकीहरूका आ-आफ्ना निहित स्वार्थ छन्। रणनीतिक चासो उत्तिकै बढ्दो छ। नेपालको आन्तरिक राजनीतिसमेत उनीहरूबाट अछूत रहन सकेको छैन। छिमेकीहरूका विरुद्ध नेपालबाट कुनै गतिविधि हुन नदिने नेपालको आश्वासनप्रति उनीहरूको विश्वास पातलिदै छ। छिमेकीहरूसँग विश्वासको आधार गुम्यो भने परराष्ट्र नीति सफल र प्रभावकारी बन्न सक्दैन। त्यसैले भारत र चीनसँगको सन्तुलित सम्बन्ध नेपालका लागि पेचिलो र संवेदनशील बनेको छ। परराष्ट्र नीतिको पहिलो परीक्षा (test) भनेको छिमेकीहरू सँगको समबन्ध नै हो भन्न सकिन्छ।

विगतको शीतयुद्धको तुलनामा वर्तमान परिस्थिति अत्यन्त जटिल र तरल छ। त्यसैले बदलिँदो भूराजनीतिलाई बुझ्ने, जनतालाई केन्द्रमा राखेर, साघुँरो दायराबाट उठेर निर्णय गर्न सक्ने क्षमता र सामर्थ्यवान नेतृत्वलेमात्र यो जटिल र तरल भूराजनीतिबाट नेपाललाई बचाउन सक्छ। तत्कालीन परिस्थितिमा बी.पी. आफ्नै स्वतन्त्र चिन्तन, साघुँरो घेरा तोडेर निर्णय गर्न सक्ने, भएकोले उहाँ मौलिक बिचारबाट चिनिनुभएको हो। बीपीलाई भेटेका विश्वका नेताहरूले उहाँको नैतिकता, तीक्षणता र कुटनैतिक कौशलताको प्रशंसा गरेका छन्। उहाँमा बिचारको स्पष्टता थियो। १५ अगष्ट १९६० का दिन प्रधानमन्त्री बी.पी. कोइरालाले इजरायलमा दिनुभएको ' विज्ञान र नवोदित राष्ट्रहरू' (Science and the New Nations) भन्ने विषयको भाषणमा बिचारको स्पष्टता, चिन्तन प्रक्रियाको स्वतन्त्रता, विषयवस्तुको गम्भीरता र दृढता स्पष्ट रूपमा प्रतिविम्वित भएको कुरा विश्वका नेताहरूको उहाँप्रतिको मन्तव्यबाट पनि बुझ्न सकिन्छ।

बी.पी. युगपुरुष हुनुहुन्थ्यो । उहाँ अध्ययनशील, चिन्तनशील, विलक्षण प्रतिभाले युक्त व्यक्तित्व भएकोले वर्तमान र विगतलाई भविष्यसँग जोडेर विषयवस्तुमाथिको सूक्ष्म विश्लेषण गर्नसक्ने अद्भूत क्षमताले युक्त हुनुहुन्थ्यो । घण्टौसम्म छलफल र शास्त्रार्थ गर्नसक्ने क्षमता थियो । उहाँमा समयलाई बुझ्न सक्ने क्षमता थियो । बीपीलाई अध्ययन गर्ने वौद्धिक जमातले उहाँलाई "एकै साथ राजनीतिशास्त्री राजनेता र नीति द्रष्टा" भनेका छन् ।

वर्तमान सन्दर्भमा बदलिदो राजनैतिक कुटनैतिक परिदृश्य बुझ्न बी.पी. कोइरालालाई राम्रोसँग अध्ययन गर्न जरुरी छ । बीपीले सधै तथ्यमा आधारित सत्यको वकालत गर्नुभयो । विश्वसमक्ष उच्च नैतिक धरातल प्रस्तुत गर्नुभयो । शक्तिकेन्द्रमा स्वार्थ लिप्त रहनेहरूका लागि सधै चुनौतीको प्रतीक रहनुभयो । निरन्तरको कठिनाइ, दुःख र यातना खेपिरहँदा पनि राष्ट्रिय स्वार्थलाई सर्वोपरी राख्नु भयो । नेपाललाई कसरी स्वतन्त्र, सार्वमौम र विकसित मुलुकका रूपमा कायम राख्न सकिन्छ भन्ने लक्ष्यमा जीवनभर निरन्तरको दुःख खेपि रहनुभयो । जनता र राष्ट्र केन्द्रित राजनीति जीवन पर्यन्त बनाइ राख्नुभयो । राष्ट्रिय हितको सर्वोच्चता, जति दुःख र यातना झेल्लु पर्दा पनि-कायम राख्नुभयो । देशको विविधता र जातिगत संरचनामा सबैलाई समेटेर लैजाने राजनीति गर्नुभयो । सहनशीलता, सहिष्णुता, सामञ्जस्यता, समावेशीता कायम राखेर देशको विशाल विविधताबिच अनुपम एकता कायम राख्ने काम गर्नुभयो । सरकारमा रहँदा होस्, बाहिर या जेलको यातना भोग्दा होस, निर्वासनमा रहदा होस्, बीपीले कायम राख्नुभएको राष्ट्रिय स्वार्थको सर्वोच्चता वर्तमान र भावी पुस्ताले विरासदको रूपमा बुझ्न जरुरी छ ।

वर्तमानमा परराष्ट्र नीतिमा देखिएको 'दोहोरो मापदण्ड' (सरकारमा वस्दा एउटा सत्ताच्युत हुने वितिकै परिवर्तन हुने भाष्य) को महारोगबाट मुक्त हुन वर्तमान नेतृत्व पुस्ताले बीपीलाई बुझ्न र अध्ययन गर्न आवश्यक छ । नेपालको परराष्ट्र र राजनीतिलाई नजिकबाट अध्ययन गरेका प्राध्यापक भुवनलाल जोशी र अमेरिकी प्राध्यापक लिई ओ.रोजले परराष्ट्र नीतिलाई वी.पी कोइरालाले आफ्नो राजनीतिक शक्ति सुदृढ पार्नका लागि उपयोग गर्न नचाहनुभएको भनेर उल्लेख गरेका छन् । Joshi and Rose Write: "The B.P. Koirala cabinet was the only government in the decade of democratic experiment, which did not feel the need to use foreign policy as one means of strengthening its political position. They further write, " the foreign policy orientation of the Nepali Congress been based on pragmatic rather than moral or ideological consideration " (Joshi & Rose, 1966, p.364).

परराष्ट्र नीति, विश्वास् र कुटनीतिलाई घरेलु राजनीतिसँग अलग गरेर हेर्न सकिदैन । परराष्ट्र नीति जस्तो महत्त्वपूर्ण र संवेदनशील विषयलाई सत्ता स्वार्थका लागि निःसंकोच प्रयोग गर्नेहरूले यसबाट पाठ पढ्न र व्यवहारमा उतार्न सके परराष्ट्र नीतिमा विश्वासको आधार पुनर्स्थापित गर्न बाटो खुल्ने थियो ।

## सन्दर्भ सामग्री

गिरि, प्रदीप (सम्पा.) (२०७८), विश्वेश्वरप्रसाद कोइराला, आधारभूत सङ्कलन, फिनिक्स, मङ्सिर ।

गिरि, प्रदीप (सम्पा.) (मि.न.). संसदमा विश्वेश्वरप्रसाद कोइरालाका संसदीय बहसहरू, काठमाडौँ : डाइनामिक पब्लिकेसन ।

दाहाल, होमनाथ (सम्पा.) (२०३८) सम्पादक होमनाथले लिएको अन्तर्वार्ता विश्वेश्वरप्रसाद कोइराला मेलमिलापको शर्त राष्ट्रियता र प्रजातन्त्र, १५ श्रावण २०३८ को राष्ट्रपुकार साप्ताहिकमा प्रकाशित -

अन्तर्वार्ताहरूको सङ्कलन) जय नेपाल प्रकाशन, २०३८ पुस पृ. १८)।

दुलाल, लोकनाथ (२०७५). नेपाली काङ्ग्रेसका आदर्शहरू, नेपाली काङ्ग्रेस सिद्धान्त र दृष्टिकोण, काठमाडौँः बी.पी. विचार राष्ट्रिय समाज, पृ. २०८-२५३।

पराजुली, शोभाकर (२०७२). समाजवाद बी.पी. कोइराला र कम्युनिष्ट, काठमाडौँः ब्रदर बुक्स प्रकाशन प्रा.लि.।

Bhasin, A.S. (ed.) (1970). *Documents on Nepal's Relations with India and China*. New Delhi: Academic Books Ltd.

Jain, R.K. (ed.), (1981). China – South Asia, Relations 1997-1980. Vol.2 New Delhi: Radiant Publishers.

Joshi, Bhuvan L. & Rose, L. E.(1966). *Democratic Innovations in Nepal: A Case Study of Political Acculturation.* Berkely: University of California Press, Republished by Mandala Publications: Kathmandu, 2004).

mofa.gov.np/pages/bilateral-relations-2.

Sestanovich, S. (2014). Maximalist: America in the World from Truman to Obama. New York: Alfred A. Knopf.

Statement by the Rt. Honorable Mr.B.P. Koirala, Prime Minister of the Kingdom of Nepal at the 15th Session of the United Nations General Assembly, New York, Sept 29, 1960, in Prime Minister Koirala at the United Nations, Permanent Mission of Kingdom of Nepal to the United Nations, New–York, October 1993, pp. 31-32